# मनराशिसवा नगरपालिका
Manarashiswa Municipality
# नगर कार्यपालिकाको कार्यालय
# Office Of The Municipal Executive
मनरा/Manara
मधेश प्रदेश नेपाल/ Madhesh Province ,Nepal


**प.स./**ReferenceNo.: ०८०/८१

**च.नं./**Dispatch No. :

मिति : २०८०।०५।१५

सूचना सूचना सूचना

विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी दोस्रो पटक प्रकाशित जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता पाईरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (दोस्रो संशोधन) को नियम (९) को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भदौ मसान्त भित्र सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा नविकरणका लागी निवेदन दिनु पर्ने प्रावधान रहे बमोजिम वडाहरुमा नविकरण निवदेन संकलन भई आईरहेको छ र हाल सम्म पनी धेरै लाभग्राहीहरुले परिचयपत्र नविकरण नगराएको देखिएकोले तपशिल बमोजिमको कागजातका साथ २०८० भदौ २५ गते भित्रमा नविकरण गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।साथै निर्धारित समय भित्रमा नविकरण नगराएमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम लाभग्राहीको नाम लगत कट्टा गरिने पुन जानकारी गराईन्छ। थप जानकारीका लागी सामाजिक सुरक्षा तथा पंजीकरण शाखा वा सम्बन्धित वडा कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

तपशिल

- ✓ नागरिकता प्रमाणपत्रको प्रतिलिपि बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपि।
- ✓ सामाजिक सुरक्षा परिचयपत्र सक्कल तथा प्रतिलिपि
- ✓ एकल महिला (६० वर्षमाथी बिधवा) को हकमा पतिको मृत्यु दर्ता प्रतिलिपि/ ६० वर्षमाथी अविवाहित एकल महिलाको हकमा वडाको सिफारिस/ ६० वर्ष मुनिका असहाय एकल महिला (विधवा) को हकमा पतिको मृत्यु दर्ता प्रतिलिपि र अर्को विवाह नगरेको वडा सिफारिस
- ✓ पुर्ण अपांगता (क वर्ग), अति अशत्त अपांग (ख वर्ग) को हकमा अपांगता परिचयपत्रको प्रतिलिपि
- ✓ चेक बुकको फोटोकाँपी
- ✓ हजुरबुवा, बुवा, आमाको नाम थर र लाभग्राही वा संरक्षकको मोवाईल नम्वर

माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत
माधवेन्द्र चौधरी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सवै वडा कार्यालय :सूचना टाँस गर्नु हुन ।
श्री सूचना प्रविधि शाखा : वेव साईड तथा सामाजिक संजालमा राखि दिनु हुन ।